## कार्यपालिका बैठक संख्या - २०६औं बैठक

आज मिति २०८३।०६।२३ गते विहान ०८:३० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी गाहा |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

आमन्त्रित:

१) सूचना ज्ञवाली सूचना प्रविधि अधिकृत

२) शान्ति आचार्य कार्यालय सहयोगी

बैठकका एजेन्डाः

१) अघिल्लो २०५औं बैठकको समिक्षा सम्बन्धमा,
२) कार्यविधि निर्माण तथा संशोधन सम्बन्धमा,
३) शहरी सडक स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन सम्बन्धमा,
४) दशैं मोटरबाटो सरसफाई सम्बन्धमा,
५) विपद व्यवस्थापन तथा राहत सम्बन्धमा,
६) सडक मर्मत सम्बन्धमा,
७) योजना कार्यक्रम कार्यान्वयन सम्बन्धमा
८) दशैं पूजा सम्बन्धमा,
९) दशैं शुभकामना आदानप्रदान सम्बन्धमा,
१०) बिबिधः

नुन बहादुर थापा
अध्यक्ष

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

**बैठकका निर्णयहरु:**

१) अघिल्लो २०५ औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो ।

२) पूर्वखोला गाउँपालिकाको "शिक्षक बैंक व्यवस्थापन कार्यविधि,२०८३" पारित गर्ने तथा पूर्वखोला गाउँपालिकाको "टोल विकास संस्था ( गठन तथा परिचालन) कार्यविधि,२०७८" र पूर्वखोला गाउँपालिकाको "स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" लाई संसोधन गर्ने र पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

३) गाउँपालिकामा शहरी सडक स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रमको लागि सशर्त तर्फ बजेट विनियोजन भई आएकाले उक्त कार्यक्रम कार्यान्वयनका लागि सम्भाव्यता र प्राथमिकताका आधारमा तपसिलका योजना/आयोजना/कार्यक्रम छनौट गर्ने र सघन शहरी तथा भवन निर्माण आयोजना, तानसेन पाल्पामा पठाउने सर्वसम्मत निर्णय गरियो ।
तपसिलः
क) खल्लुक भञ्ज्याङ्ग बिर्ता बजार मोटरबाटो योजना ( बाहुनडाँडा पौडेल थुम्का खण्ड)

४) दशैं बाटो सरसफाई गर्नको लागि टोल विकास संस्था वा उपभोक्ता समिति गठन दर्ता गरी गर्ने वा Quotation मार्फत वडामा विनियोजित चालु सडक मर्मत शिर्षकबाट खर्च बेहोर्ने गरी काम अगाडी बढाउने र दशैसम्म मोटरबाटो सहज र व्यवस्थित रुपमा सञ्चालन हुने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।साथै असोज ८ गते देखि असोज ११ गते सम्म परेको अविरल वर्षाका कारण अवरुद्ध सडकहरुमा हालसम्म सरसफाई गर्दा एवं पहिरो व्यवस्थापन गर्दा लागेको खर्च Estimate बमोजिम चालू सडक मर्मत शिर्षकबाट प्रति वडा अधिकतम् रु. एक लाख सम्म भुक्तानी दिने समेत सर्वसम्मत निर्णय गरियो ।

५) असोज ८ गते देखि असोज ११ गते सम्म परेको अविरल वर्षाका कारण क्षतिग्रस्त घर तथा गोठको पुनर्निर्माण तथा व्यवस्थापनका लागि मिति २०८३/०६/१४ गते बसेको स्थानीय आपतकालीन कार्य सञ्चालन समितिको बैठकको निर्णयबाट भएको राहत सम्बन्धी निर्णय अनुमोदन गर्ने र सोही बमोजिम नै राहत रकम उपलब्ध गराउने साथै पूर्ण क्षति भएका घरहरुका प्रभावितहरुलाई मनसुनजन्य विपद लाभग्राहीका रुपमा छनौट गर्ने र निजहरुलाई लाभग्राही कायम गर्नका लागि सोको विवरण जिल्ला प्रशासन कार्यालयमा अविलम्ब पठाउने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।साथै अविरल वर्षाका कारण भएको खानेपानी योजना, सिंचाई योजना एवं कृषि तथा पशु चौपाया सम्बन्धी क्षतिहरुको समेत विवरणहरु संकलन गर्ने र प्राप्त विवरणहरु तत्काल राहत उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित निकायहरुमा यथाशिघ्र पठाउने समेत सर्वसम्मत निर्णय गरियो ।सिंचाईका बाँध/कुलोहरु क्षतिग्रस्त भएको र तत्काल निर्माण/ मर्मत गर्नुपर्ने अवस्था भएमा सामूहिक निवेदन माग गरी क्षतिको अवस्था हेरी निवेदनकर्ताको खातामा राहत रकम उपलब्ध गराउने समेत सर्वसम्मत निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

६) असोज ८ गते देखि असोज ११ गते सम्म परेको अविरल बर्षाका कारण खल्लुक भञ्ज्याङ बिर्ता बजार सडक अन्तर्गत रौंकिभञ्ज्याङ क्षेत्रको मन्दिर रहेको स्थानमा गएको पहिरोका कारण अवरुद्ध सडकको मर्मत गर्न प्राविधिक लागत अनुमानका आधारमा मर्मत कोषबाट खर्च लेख्ने गरी तथा जल्पाको तल्लो झेरुदी क्षेत्रमा गएको पहिरोका कारण अवरुद्ध सडकको मर्मत गर्न प्राविधिक लागत अनुमानका आधारमा विपद् शीर्षकबाट खर्च लेख्ने गरी कार्य सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।साथै देवीनगरको मसार र सिलुवाको बढहरथोक र हटियामा बिग्रेको सडकमा गिट्टी बिछ्याउने तथा मर्मत गर्नका लागि प्राविधिक लागत अनुमानका आधारमा मर्मत कोषबाट खर्च लेख्ने गरी रकम उपलब्ध गराउने समेत सर्वसम्मत निर्णय गरियो ।

७) गाउँपालिकाबाट आ.व. २०८३/०८४ मा स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि टोल विकास संस्था तथा उपभोक्ता समितिहरु गठन तथा दर्ता गरी प्रभावकारी रुपमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

८) दशैं पूजा सम्बन्धमा छलफल गर्दा गाउँपालिकामा परापूर्वकाल देखिनै सँस्कृति र परम्पराका रुपमा रहेको दशैं मौला पूजा गर्नको लागि वडा न. १,२,४,५ र ६ का लागि रु.१२,०००/-(अक्षेरुपी बाह्र हजार मात्र) र वडा न. ३ का लागि रु.१७,०००/-(अक्षेरुपी सत्र हजार मात्र) विविध खर्च शिर्षकबाट भुक्तानी दिने साथै पूर्वखोला गाउँपालिकामा कार्यक्षेत्र रहेका देहायका ईलाका प्रहरी कार्यालय / प्रहरी चौकीलाई देहाय बमोजिम दशैं पूजा खर्च वापतको रकम विल भरपाई प्राप्त भए पश्चात विविध कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो ।

| क्र.स. | कार्यालयको नाम | रकम (रु) |
|---|---|---|
| १ | रिङ्नेरह ईलाका प्रहरी कार्यालय | १०,०००/ |
| २ | जब्बादी प्रहरी चौकी | ५,०००/ |
| ३ | ताहुँ प्रहरी चौकी | ५,०००/ |

९) हामी हिन्दुहरूको महान् चाड बडादशैं, दिपावली, भाईटिका, छठ पर्व तथा नेपाल सम्वत् ११४७ को पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण पूर्वखोलावासी तथा देशवासी नेपाली आमा बुवा,दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै शुभकामना प्रस्ताव पारित गरियो ।

१०) विविधः

क) गाउँपालिका भित्र धान खेतीमा महामारीका रुपमा फैलिएको काँडादार खपटे हिस्पा किराको नियन्त्रणको लागि कृषि शाखाबाट आवश्यक विषादी तथा अन्य सामाग्री तत्काल सोझै खरीद गर्नुपरेको र सो कार्यमा भएको खर्च रकम ३,०५,६००।- (तीन लाख पाँच हजार छ सय मात्र ) बील भर्पाईका आधारमा आकस्मिक तथा विपद व्यवस्थापन शीर्षकबाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो ।

२०८२/०६/२३

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

ख) गाउँपालिका भित्र बसोबास गर्ने तपसिल व्यक्ति तथा संस्थाले यस कार्यालयमा दिएको निवेदनमा छलफल गर्दा निजहरुलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | व्यक्ति/ संस्थाको नाम थर | ठेगाना | राहत माग / रकम | उपलब्ध गराएको राहत रकम | कै. |
|---|---|---|---|---|---|
| १ | ढोलिमारा तल्लो टोल मोटर बाटो | पूर्वखोला-२ | १० थान जाली २*१*१ | प्राविधिक इस्टिमेटका आधारमा उपलब्ध गराउने | |
| २ | खान्टुङ खोला मोटरबाटो | पूर्वखोला- २ | १० थान जाली २*१*१ | प्राविधिक इस्टिमेटका आधारमा उपलब्ध गराउने | |
| ३ | बुद्धिबल सुनारी | पूर्वखोला-३ | ४ थान जाली २*१*१ | | रिङ्नेरह अर्खलडाँडा मोटरबाटो |
| ४ | चन्द्र सिं पुन | पूर्वखोला-५ | १५० मिटर २० एम.एम.को | ७५ मिटर | |

२०८३/०६/२३
राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष